# तमू संस्कृतिको समाजशास्त्रीय अध्ययन

**गौरी तमू**
2073gauri@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययनमा प्रजाति, परिवेश र क्षणका आधारमा तमू (गुरुङ) संस्कृतिको विश्लेषण गरिएको छ। प्रजाति, परिवेश र क्षणका आधारमा कुनै पनि जातिका जातीय संस्कृतिको अध्ययन गरेर उक्त जातिका जातिगत विशेषताहरू रहनसहन, चाडपर्व, वेशभूषा, विश्वास तथा जीवनदर्शनबारे जानकारी पाउन सकिन्छ भन्ने मान्यता रहेको छ। यही मान्यताका आधारमा यस अध्ययनमा ल्होसार अर्थात् तमू जातिमा नयाँ वर्ग र वर्षको सुरुवात हुने दिन, पय अर्थात् मृत्यु संस्कार र रोधीं अर्थात् तमू जातिको ऐतिहासिक सांस्कृतिक धरोहरको अध्ययन गरिएको छ। गुरुङ जाति संसारको जुनसुकै ठाउँमा बसोबास गरे तापनि उनीहरूले प्रारम्भिक जीवनकालमा सिकेका जातिगत विशेषताहरू खानपिन, चाडपर्व, संस्कार, संस्कृति, प्रकृति र पितृप्रतिको विश्वास र जीवनदर्शनको अनुसरण गरिरहेका हुन्छन्। समयक्रमसँगै ती संस्कृतिको मौलिकतामा ह्रास आएको हुन्छ भन्ने तथ्य यस अध्ययनबाट पुष्टि भएको छ। परिवेशले गुरुङ जातीय भूगोल, हावापानी, समाज, कला र सिपको पहिचान दिन्छ भन्ने कुराको पुष्टिसँगै उक्त संस्कृति लोपसमेत बनाउँछ भन्ने प्रमाण रोधींको समाजशास्त्रीय अध्ययनबाट प्राप्त भएको छ। युग वा क्षणले संस्कार, संस्कृति र जीवनदर्शनलाई नै प्रभाव पार्ने र क्रमशः मौलिक विधिविधानमा ह्रास आउने भएकाले मौखिक रूपमा रहेको तमू प्ये ( शास्त्र), ल्होसार, रोधींलगायतका गुरुङ संस्कार र संस्कृतिलाई लिपिबद्ध गनुपर्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ।

**शब्दकुञ्जी** : पय, प्रजाति, परिवेश, ल्होसार, रोधीं।

**विषय प्रवेश**

तमू (गुरुङ) हरू अन्नपूर्ण, मनास्लु हिमचुली पहाडको दक्षिण भेग हुँदै नेपालको पूर्वी पहाड र केही

मात्रामा भारतको सिक्किम, सिलगुडी हुँदै भुटानसम्म छरिएर रहेका छन् । गुरुङहरू प्राकृतिक, राजनैतिक, सामाजिक, आर्थिक, जनसाङ्ख्यिक आदि कारणले आदिम थलो क्होला सोंथर हुँदै हाल संसारभरि छरिएर रहेका छन् । हरेक जातिको आफ्नै संस्कृति हुन्छ । संस्कृति कुनै पनि व्यक्ति वा समुदायको आस्था, विश्वास, ज्ञान, कला, धर्म परम्परालगायतको समष्टि रूप हो ।

संस्कृति आफ्नो पुर्खाहरूको ज्ञान, विश्वास, कला, कानुन, नैतिकता, परम्परा तथा समाजबाट प्राप्त हुन्छ । यो क्रमशः एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आउँछ । तमूका आफ्नै भिन्न परम्परा, विश्वास, धर्म, कला, कानुन र आस्था छन् । उनीहरू पितृ र प्रकृतिमा विश्वास राख्छन् । तमूहरूले क्होलामा राजधानी बनाएर बसोबास गरेपछि सामाजिक तथा सांस्कृतिक पक्षमा केही कुराहरू परिमार्जन गरेको उल्लेख छ । बेग्लै संस्कृति भएको तमू प्ये ताँ ल्हुँ ताँ मा नयाँ अध्यायहरू थपिए । तमूहरूले उनीहरूको प्येमा, पय, फैलु, ल्होसार, ढुकोर, रोधीं आदि समावेश गरेर आफ्नो संस्कृतिमा परिमार्जन तथा बिस्तार गरेको बताइन्छ । मृत्यु संस्कार सम्पन्न भइसकेपछि मृतकको आत्मालाई पुर्खाहरूमा लीन गराउने संस्कार पयको थालनी त्यसै बेला भएको बताइन्छ (थकाली, २०६७, पृष्ठ, २१) । पय अर्थात् मृत्यु संस्कार मानव समुदायको सबैभन्दा महत्त्वपूर्ण संस्कार हो भन्ने कुरा मानवशास्त्रीय अध्ययनले पुष्टि गरेको छ । जन्म, विवाह र मृत्यु मानव जीवनका प्रमुख तीन रीतिहरू हुन् । यी रीतिहरूलाई मानव सम्बन्धसँग जोडेर हेर्दा जन्म संस्कार एकल हुन्छ, विवाह संस्कार दुई परिवारसम्म बिस्तार भएको हुन्छ । मृत्यु संस्कार परिवार, नातागोता र साथीभाइसँग पनि जोडिने भएकाले र मृत्युपछि के हुन्छ ? भन्नेबारे अहिलेसम्म कसैले पनि केही प्रमाणित गर्न नसकेकाले विविध खाले विश्वास, मान्यता र अवधारणा विकसित हुँदै जाँदा मानव जीवनमा मृत्युसंस्कार बृहत र महत्त्वपूर्ण बन्न पुगेको छ । यही कारण पनि तमू संस्कृतिअन्तर्गत मृत्यु संस्कार सबैभन्दा महत्त्वपूर्ण रहेको छ ।

गुरुङहरू मृत्यु संस्कार गर्दा पच्यु, क्ल्हेप्री, बोन्पो लम् र बौद्ध धर्मका लामाबाट गर्ने गर्दछन् । गुरुङहरूको आदिम संस्कृतिमा अर्घौं थालेको राति क्ल्हेप्रीले क्येक्याँको प्ये पढेपछि क्येक्याँको बाखी काट्ने चलन छ । नार परम्पराको निङ्मा लम् लामाले गरेको अर्घौंमा भने जग्गे थाल्नुभन्दा पहिले नै क्येक्याँको बाखी काटेर स्यरो निकालेर राखिन्छ । (गुरुङ, २०७३, पृष्ठ, ८०) । ल्होसार तमूहरूले मनाउने प्रमुख पर्वहरूमध्येको एक हो । पुस १५ गते मनाइने ल्होसारलाई कतै ल्होसार र कतै ल्होछार पनि भन्ने गरेको पाइन्छ । कतै ल्होत्वोवा पनि भन्ने गरिन्छ । ल्होछार शब्द ल्हो+छार मिलेर बनेको शब्द हो । तमू गुरुङ भाषामा ल्हो को अर्थ वर्ग र छारको अर्थ नयाँ हो । सार शब्द छार शब्दमा अपभ्रंश भएर वा तिब्बती भाषामा सार भनिने गरेकाले तमूहरूले पनि ल्होसार भनेको पनि हुन सक्छ ।

तिब्बती भाषामा सारको अर्थ नयाँ हो । त्यसैगरी ल्होत्वोवा शब्द लहो+त्वोवा मिलेर बनेको शब्द हो । ल्होको अर्थ वर्ग र त्ववाको अर्थ फर्कनु हो । ज्योतिषशास्त्रका अनुसार असार १५ को दिनलाई लामो दिन र पुस १५ को दिनलाई छोटो दिन अर्थात् सबैभन्दा लामो रातको रूपमा गणना गरेको पाइन्छ (थकाली, २०६७, पृष्ठ, १८८) । रोधीं संस्कृति सयौं वर्ष अघिदेखि गुरुङ सभ्यताको केन्द्र क्होला सोंथरबाट रोधीं सभ्यता र संस्कृति सुरु भएको थियो । रोधीं गुरुङ समुदायमा प्रचलित मौलिक सामाजिक संस्था हो । तत्कालीन समयको रोंधी गुरुङको संस्कार, संस्कृति परिचालन र अवलम्बन गर्ने महत्त्वपूर्ण संस्था हो । गुरुङ भाषामा 'रोव' को अर्थ सुत्ने र 'धीं' को अर्थ 'घर' भन्ने जनाउँदछ । गुरुङ समुदायको अर्को जनश्रुतिअनुसार 'रु' धागो 'ती' धागो काट्ने शब्दबाट 'रुती' शब्द बनेको छ । किनकि रोधींमा भेडाबाखाको ऊनबाट राडी, पाखी, बख्खु, पस्मिना र पुवा नामको सिस्नुबाट भाङ्ग्रा थैलो, स्याँबा र पुरुषहरू नाम्लो, दाम्लो, डोरी बुन्ने बनाउने गर्दछन् (गुरुङ, २०८०, पृष्ठ, १) ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि फ्रान्सेली दार्शनिक र इतिहासकार हिप्पोलाइट एडल्फ तेनद्वारा प्रतिपादित मान्यतालाई प्रमुख आधारका

रूपमा लिइएको छ । सामग्री सङ्कलन विधिअन्तर्गत पुस्तकालयीय स्रोतको प्रयोग गरिएको छ। तमू संस्कृतिको अध्ययन गर्ने क्रममा प्राथमिक सामग्रीका रूपमा ल्होसार, पय र रोधींलाई लिइएको छ । उक्त सामग्रीहरूलाई विश्लेषण गर्नका लागि तेनको प्रजाति, परिवेश र क्षणलाई द्वितीयक सामग्रीको रूपमा लिइएको छ ।

## सैद्धान्तिक पर्याधार

साहित्यको समाजशास्त्रीय अध्ययनका संस्थापक हिप्पोलाइट एडल्फ तेनले प्रजाति, परिवेश र क्षणको अवधारणा अगाडि ल्याएका हुन् । प्रजाति १९ औँ शताब्दीमा निकै प्रचलित शब्द हो । उनले कला वा साहित्यलाई मान्छेको मानसिकताको उपज माने पनि उनको वस्तुवादी दृष्टिकोणका अगाडि त्यस्तो मानसिकता कस्तो हुन्छ ? भन्ने प्रश्न उत्पन्न भएको र सोको उत्तरमा प्रजाति, युग र परिवेशसम्बन्धी सिद्धान्त प्रकट भएको हो (पाण्डेय, २००६, पृ. १२४) कुनै पनि व्यक्तिले सृजना गर्ने कला वा साहित्यमा उसको मानसिकता प्रकट भएको हुन्छ । कलाकारको चित्रमा होस् या कविको कवितामा उसको प्रजातिगत सोच, विश्वास र जीवनदर्शनहरू अभिव्यक्त भएका हुन्छन् । तेनका अनुसार मान्छे विश्वभरि विभिन्न जातजातिका रूपमा छरिएर रहे पनि हरेक मानिसमा उसको जातिगत विशेषता रहेको हुन्छ । ऊ संसारको जुनसुकै कुनामा पुगे पनि उसले आफ्नो प्रारम्भिक जीवनकालमा सिकेका आफ्ना जातिगत विशेषताहरू खानपान, बोलाइ, हिँडाइ, रीतिरिवाज, संस्कार आदि उसको आर्दशको रूपमा रहिरहन्छन् (जैन, १९९२, पृ.२२) कुनै व्यक्ति संसारको जुनसुकै कुनामा पुगे तापनि उसको जातिगत पद चिह्न पछ्याउँदै बाँच्छ । उसले आफ्नो संस्कार, संस्कृति र विश्वासको अनुसरण गरिरहेकै हुन्छ ।

तेनको भनाइअनुसार साहित्यको वस्तुनिष्ठ अध्ययन गर्नका लागि प्रजाति, परिवेश र युगबाटै भौतिक आधार निर्माण हुन्छ । उनले प्रजातिगत धारणालाई महत्त्व दिँदै यसअन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना आदिको चर्चा गरेका छन् । प्रजातिको धारणाको व्याख्यामा उनले आफ्नो समकालीन डार्बिनको चिन्तनबाट पनि मद्दत लिएका छन् । उनी प्रजातिको चेतना र चरित्रको विशेषतालाई उसको इतिहास, कला तथा दर्शन आदिको कारण मान्दछन् ( पाण्डेय, २००६, पृ.१२५) । तेनले युग वा क्षणलाई साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने अर्को प्रमुख आधार मानेका छन् । साहित्यमा साहित्यकार तथा कलाकारले भोगेको युगको प्रतिबिम्ब हुन्छ ।

तसर्थ साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयको मान्छेको अवस्थाबारे बोध हुन्छ भन्ने धारणा तेनको छ (क्षेत्री, २०६४,पृ.२३) तेनका अनुसार एउटा युगमा बौद्धिक साँचोका रूपमा कुनै प्रधान विचार रहेको हुन्छ । त्यसले पूरै समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित पारेको हुन्छ । त्यो जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ । लामो समयपछि यस्तो विचारमा बिस्तारै ह्रास हुँदै जान्छ र अर्को नयाँ विचार प्रधान विचारका रूपमा स्थापित हुन्छ । यसका साथै यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग जोडिएर नयाँ प्रकारको चिन्तन र सृजनाका लागि प्रेरणा दिन्छ (पाण्डेय, २००६, पृ.१२५) भौगोलिक वातावरणले साहित्यमा प्रभाव पार्ने गर्दछ । भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल हुनाले उत्तरका साहित्यमा दुःखकष्ट, पीडा र भोकमरी पाइन्छ । त्यसैगरी दक्षिणको भौगोलिक संरचना अनुकूल हुनाले त्यहाँको साहित्यमा सुख, शान्ति तथा हर्षोल्लास पाइन्छ भन्ने तेनको धारणा रहेको छ (पाण्डेय, २००६, पृ. १२६) । तेन परिवेशअन्तर्गत हावापानी र भूगोललाई महत्त्व दिन्छन् । साहित्यको सूक्ष्म विश्लेषणमा सामाजिक र राजनीतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्छन् । तेन समाजको अध्ययन गर्दा कुनै पनि व्यक्तिको प्रजाति, परिवेश र क्षणलाई मुख्य आधार मान्दै उसको प्रजातिगत विशेषता, उसले बाँचेको परिवेश र युग वा समयको गहिरो अध्ययन गर्नुपर्ने मान्यता राख्छन् । यही त्रिकोणात्मक अध्ययनबाट मात्रै समाज र संस्कृतिको वैज्ञानिक र वस्तुनिष्ठ अध्ययन गर्न सकिन्छ ।

तेनको प्रजाति, परिवेश र क्षणका आधारमा कुनै पनि जातिगत संस्कृतिको समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ । यस अध्ययनमा प्रजाति, परिवेश र क्षणका आधारमा गुरुङ संस्कृतिहरू ल्होसार, पय (अर्घौं) र रोधींको समाजशास्त्रीय अध्ययन गरिएको छ ।

## तमू ल्होसारको सन्दर्भ

गुरुङले मनाउने ल्होसारलाई तमू ल्होसार भनिन्छ । तमू ल्होसारलाई गुरुङ समुदायले नयाँ वर्षका रूपमा मनाउँछन् । गुरुङहरू ल्हो अर्थात् वर्गअनुसार उमेरको गणना गर्दछन् र शुभअशुभ, विवाह, पुटपुटे, पय (अर्घौं) लगायतका कार्यहरू गर्छन् । यही वर्गका आधारमा गुरुङ पात्रोमा बारओटा महिनालाई विभिन्न जनावरका नामहरू जस्तै- बाघ, भेडो, मृग वर्ग भनेर नामकरण गरिएको हुन्छ । गुरुङहरूले हरेक वर्षको पुष १४ गते राति गुम्बा र क्होइवोहरूमा भेला भएर आगोको धुनी बालेर नाचगान गर्दै पुरानो ल्होको बिदाइ र राति १२ बजेपछि नयाँ ल्होको स्वागत गर्दै भोलिपल्ट १५ गते बिहान पूजाआराधना गरेर पच्यु गुरुहरूबाट रिपा लगाउँछन् । आफन्तजन र इष्टमित्रहरूले नराम्रो अर्थात् अशुभ वर्ग चलेकाहरूलाई स्याई गरेर मिठोमसिनो खाएर विभिन्न सांस्कृतिक कार्यक्रम गर्दै ल्होसार मनाउँछन् । एउटा वर्गको बिदाइ र अर्को वर्गको स्वागत गरिने भएकाले ल्होसारलाई वर्ग फेरिने अर्थात् ल्होतोवा दिनका रूपमा पनि मनाइन्छ ।

तमू ल्होसारको ऐतिहासिक पक्ष नियाल्दा वि.सं. २०४५/४६ सालको जनआन्दोलन अघिको राजनैतिक परिप्रेक्ष्यमा स्योंरा अर्थात् भैलो खेलेर जम्मा भएको चामल, नुन, तेल, र नगदबाट अन्य आवश्यक खाद्य सामग्री किनेर खोलाको किनार वा फराकिलो फाँटमा बसेर स्योंकै अर्थात् वनभोज खाने चलन थियो । गाउँघरमा स्योंकै खानाले सह आउने (शुभ हुने) विश्वास गर्ने गरेको बताइन्छ । उहिले ल्होछारका बेलामा वनजङ्गलबाट तरुल खनेर खाने, पिँडालु उसिनेर खाने, फापरको रोटी र गहतको झोल आदि खाने गरेको बुढापाकाहरूको अनुभव छ । वनभोजबाहेक सो दिन मानिसहरू आफ्ना मान्यजनहरूलाई मानमर्यादा गरेर ढोग गर्ने गर्दछन् । मान्यजनहरूले पुरुषहरूलाई बेसारमा मोलेको नौ सरा र महिलाहरूलाई सात सरा धागोको प्हैरु लगाइदिएर स्याईस्याई भन्दै शुभासिक दिने गर्दछन् (थकाली, २०६७, पृष्ठ, १८९-१९०) । तमूहरू क्रमश: गाउँबाट सहरतिर बसाइँसराइ गर्दै गएपछि र पहिचानको राजनीति मौलाउँदै जाँदा ल्होसारको व्यापकतासँगै यसको मौलिकतामा विकृतिहरू बढ्दो छ । तमूहरूले लगाउने तमू पोसाकदेखि खाद्य परिकार र तमू गीतसङ्गीतमा बढ्दो विकृतिले तमू पहिचान सङ्कटावस्थामा छ ।

## प्रजातिका आधारमा तमू ल्होसारको अध्ययन

तमूहरूको जीवन सामुदायिक हुन्छ । उनीहरू जन्मदेखि मृत्युसम्मका हरेक गतिविधिहरू सामूहिक रूपमा सम्पन्न गर्छन् । कुनै व्यक्ति संसारको जुनसुकै कुनामा पुगे तापनि ऊ आफ्नो जातिगत पदचिह्न पछ्याउँदै बाँच्छ । सामुदायिकताको अनुसरण गर्दै तमूहरू संसारको जुनसुकै कुनामा बसोबास गरे पनि विभिन्न संस्था र समूहमा आबद्ध हुँदै तमू ल्होसार सामूहिक रूपमा मनाउँछन् । प्रजातिलाई तेनले सहज र वंशानुगत गुणका रूपमा परिभाषित गरेका छन् । प्रजातिगत गुण मानिसले जन्मजात रूपमा लिएर आएको हुन्छ । प्रजातिलाई उनले सामूहिक सांस्कृतिक प्रवृत्तिका रूपमा लिँदै यसले सबैलाई परस्परमा आबद्ध गराउँदछ; उसले आफ्नो संस्कार, संस्कृति र विश्वासको अनुसरण गरिरहेकै हुन्छ भनेका छन् ।

तमूहरू आदिम थलो क्होला सोंथर हुँदै हाल संसारका विभिन्न देशमा बसोबास गरिहेका छन् । भूगोलका हिसाबले जहाँ बसे तापनि उनीहरू तमू ल्होसार सामूहिक रूपमा धूमधामले मनाउँछन् । ल्होसारको दिनमा उनीहरू पुरानो वर्गको बिदाइ र नयाँ वर्गको स्वागत गर्दै तमू पोसाकमा गुम्बा र क्होइबोमा जान्छन् । आफ्नै पुरोहितहरू पच्यु, क्ल्हेप्री, लम्बाट रिपा लगाउने गर्छन् । आफ्नै प्रजातिगत संस्कार र संस्कृतिहरूको अनुसरण गरिरहन्छन् । तमू जातीय चाडपर्व, वेशभूषा, खाद्य परिकार र आस्यो (मावली) मान्छन् भन्ने सन्दर्भले तेनको प्रजातिगत सिद्धान्तलाई

पुष्टि गरेको छ। तेनले भनेजस्तै प्रजातिगत अनुसरण गर्दैगर्दा बसाइँसराइ, पुस्ता हस्तान्तरणसँगै तमू ल्होसारको मौलिकतामा ह्रास आएको छ। तमू गीतसङ्गीत, खाद्य परम्परा, भाषा र वेशभूषामा बढ्दो विकृतिप्रति सचेत हुनुपर्ने समय भएको छ।

## पय (अर्घौं) को सन्दर्भ

परिवारको कुनै सदस्यको मृत्युले परिवार, आफन्त र समाजमा आशौच, त्रास र चिन्ताको वातावरण सृजना गरिदिन्छ। यसका साथै मृत्युले परिवार, नाताकुटुम्बमा अपवित्रता ल्याउने विश्वास गरिन्छ। त्यसैले प्रायः सबै धर्मावलम्बीहरूमा अन्त्येष्टि संस्कार धार्मिक विधिविधान पूरा गरेर सतर्कताका साथ सम्पन्न गर्ने गरिन्छ (थकाली, २०६७, पृष्ठ, १३४)। मृत्यु संस्कार शुद्धिकरणका लागि र स्वर्गयात्रामा बाधा नपरोस्, शान्ति र मोक्ष प्राप्त होस् भन्ने कामना गरिन्छ। तमू समुदायमा मृत्यु संस्कारलाई महत्त्वपूर्ण संस्कारका रूपमा लिइन्छ।

तमूहरूले आफ्नै विधिअनुसार मृत्यु संस्कार सम्पन्न गर्छन्। पच्यु, क्ह्ेल्प्री लगाएर गरिने मृत्यु संस्कारमा पनि काटमार गर्ने र नगर्ने दुई धार छन्। बुद्ध धर्मअनुसार मृत्यु संस्कार गर्ने तमूहरूले काटमार गर्दैनन्। अमेरिकामा बसोबास गरेका तमूहरूले त्यहाँको कानुनबमोजिम काटमार नगरिकन पनि पच्यु, क्ह्ेल्प्री लगाएर अर्घौं गर्छन् भने पछिल्लो समयका युवा पुस्ता पनि काटमार नगर्ने मृत्यु संस्कारतर्फ झुकाव राख्छन्। तमूहरूको मृत्यु संस्कारलाई भौतिक शरीर विसर्जन र आत्मा विसर्जन गरेर दुई चरणमा वर्गीकरण गरिन्छ। आत्मा विसर्जन प्रक्रिया पय (अर्घौं) मृत्यु भएको दिन, महिना र वर्षलाई बिजोर पारेर पैंडीले हेराएको साइतमा अलाँ (निशान) खडा गरेर पय सुरु गरिन्छ। दोस्रो दिनमा मृतकको ढिकुरो बनाएर अस्तु ल्याएर ढिकुरोमा राखिन्छ र त्यही राति मृतकको सातो बोलाएर ढिकुरोमा राखेपछि तेस्रो दिनमा सबै कर्म सकेर अला र ढिकुरो खोलामा लगेर सेलाइन्छ। यसपछि छोराहरूले कपाल खौरन्छन् र आस्यो (मावली) हरूले रक्तचन्दनको टीका लगाइदिएर जुठो चोख्याएपछि आफन्तजनहरूबाट रुपियाँ, गहना र कपडाले स्याई गरेसँगै पय सकिन्छ।

यही पय (अर्घौं) को दोस्रो दिनको राति अर्घौं गरेको घरमा दुःखमा सामेल हुन जाँदा छ्याँदु/सेर्गा नाच लिएर जाने चलन छ। छ्याँदु नाच सबैभन्दा पहिले जुन घरमा अलाँ ठडयाएर राखिएको हुन्छ; त्यही घरको आँगनमा एक फन्को नाचिसकेपछि मात्र उनीहरूलाई अर्को ठाउँमा लगेर राखिन्छ। सेर्गा गीत विभिन्न तालमा लय हालेर गाउँदै नाचिन्छ। सेर्गा क्वेएमा मानव जीवनलाई फूलसँग तुलना गर्दै जसरी फूल फूलेपछि ओइलाएर जान्छ; त्यसैगरी मानिसको जीवन पनि जन्मिएपछि मर्नैपर्छ। यो संसारमा नमर्ने कोही कसैको रीत छैन र जीवित मान्छे बस्ने ठाउँमा पितृहरू बस्न हुँदैन भन्दै मृतात्मालाई पच्यु, क्ल्हेप्रीहरूले फकाउँदै पितृहरूसँग भेटाइदिने विश्वास रहेको छ।

## युग वा क्षणका आधारमा पय (अर्घौं) को समाजशास्त्रीय अध्ययन

तेनका अनुसार संस्कार र संस्कृति युग वा क्षणअनुसार परिवर्तन हुन्छन्। उनले साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने अर्को प्रमुख आधार युगलाई मानेका छन्। तेनका अनुसार एउटा युगमा बौद्धिक साँचोको रूपमा कुनै प्रधान विचार रहेको हुन्छ। त्यसले पूरै समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित पारेको हुन्छ र जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ। लामो समयपछि यस्तो विचारको बिस्तारै ह्रास हुँदै जान्छ र अर्को नयाँ विचार मुख्य विचारका रूपमा रहन पुग्दछ। यसका साथै यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग जोडिएर नयाँ प्रकारको चिन्तन र सृजनाका लागि प्रेरणा दिन्छ (पाण्डेय, २००६, पृ.१२५)। यसरी हेर्दा कुनै युगमा प्रधान चिन्तन र संस्कृतिका रूपमा रहेको मृत्यु संस्कारको काटमार अर्थात् बलि दिने परम्परामा लामो समयपछि ह्रास आएको छ। अहिलेका चेतनशील नव युवायुवती पय (अर्घौं) मा काटमार परम्परालाई सहज रूपमा स्वीकार गर्दैनन्। मृत्यु संस्कार गर्दा पच्यु, क्ह्ेल्प्री वा लम्को प्रयोगलाई अनिवार्य ठान्दैनन्। प्राचीनकालमा गुरुङहरूले जसरी पय (अर्घौं) गर्थे।

अहिलेको युगमा त्यो विधिविधानमा व्यापक परिवर्तन आइरहेको छ । यसले भावी नयाँ पुस्तालाई अन्योलता सृजना गर्ने निश्चित छ । यसर्थ मौखिक रूपमा रहेका तमू प्ये (शास्त्र) लाई जतिसक्दो चाँडो लिपिबद्ध गर्नु आजको आवश्यकता हो ।

## रोधींको सन्दर्भ

'रोधीं' तमू संस्कृतिको ऐतहासिक धरोहर हो । यो संस्कृतिको सुरुवात सयौं वर्ष अघि तमू सभ्यताको केन्द्र क्होला सोंथरबाट भएको हो । तमू समुदायमा प्रचलित मौलिक सामाजिक संस्था रोधीं ज्ञान, सिप र कलाको त्रिवेणी हो । यही रोधींबाटै विभिन्न लोक गीत, बाद्यवादन र राडीपाखी बुन्नेजस्ता सिपहरूको विकास भयो । रोधीं सुरु भएदेखि समापन नभएसमम ३-५ वर्ष (खास तोकिएको हुन्न) निरन्तर भइरहन्छ । रोधींमा यौन स्वतन्त्रता हुन्छ भन्ने कुरा नितान्त भ्रम र अर्नगल प्रचार हो । रोधींमा मर्यादित र भद्र सीमा हुन्छ । नैतिकताको कडा बन्देज हुन्छ । माया र प्रेमको नाममा कसैले अवाञ्छनीय क्रियाकलाप गर्छन् भने रोधींबाट निष्कासन गरिन्छ । सामाजिक बहिष्कारसमेत गर्ने गरिन्छ । रोधीं गुरुङको पवित्र मन्दिर हो । संस्कार संस्कृतिको धरोहर हो । सामाजिक व्यवहार, सहयोग, सद्भाव, विश्वास र अनुशासनको पाठ सिकाउने पाठशाला हो (गुरुङ, २०८०, पृ. २) ।

जात व्यवस्थाका कारण तमूहरू भारतीय सेना र बृटिस सेनामा भर्ती भएर लाहुर जाने प्रचलनको सुरुवात भएपछि लाहुरेले छुट्टीमा आउँदा बोकेर ल्याउने क्यासेटमा घन्किने हिन्दी र नेपाली भाषाका गीतहरू, सूचना र प्रविधिको विकास र पहुँचले क्रमशः रोधींको मौलिकतामा ह्रास आउँदै गयो । रोधींका नाममा सहरबजारमा खुलेका दोहोरी साँझहरू, त्यहाँ प्रस्तुत गरिने गीतसङ्गीत र राज्यद्वारा गरिएको गलत परिभाषा र भ्रमले रोधीं संस्कृतिमा विकृति बढ्दो छ । तमू शब्द 'रो' को अर्थ बुन्नु/बुन्ने, सुत्नु /सुत्ने र 'धीं' को अर्थ घर भएकाले 'रोधीं' शब्दले बुन्ने वा सुत्ने घर भन्ने जनाउँछ । रोधीं गठनको विशेष प्रक्रिया हुन्छ ।

रोधीं निर्धारण भएपछि पैडी (गुरुङ ज्योतिष) मार्फत शुभ दिन जुराएर गाउँको जिम्वाललाई एक पुङ रक्सीसहित जानकारी गराउने प्रचलन रहेको छ । पुङ ग्रहणपछि जिम्वालले गाउँको नाच मण्डलीलाई निम्ता गरेर सुविधाअनुसार सोरठी नाच वा कृष्णचरित्र नाच्न लगाउँछन् । यसरी जिम्वालको आँगनमा रोधीं दर्ता भएको आधिकारिकता प्रदान गरिन्छ । जिम्वालले रोस्योंहरूलाई रोधीं सञ्चालनको आशीर्वाद र शुभकामना दिन्छन् । रोधींमा भेडाको उनबाट राडीपाखी र भाङ्ग्रा बुनिन्छ ,घाटु, सोरठी, कृष्णचरित्र र दोहोरी गाइन्छ । रोधींमा आफ्नो समुदायमा आयोजना गरिने विभिन्न सामाजिक र सांस्कृतिक कार्यक्रमका बारेमा योजना बनाउने र छलफल गर्ने गरिन्छ । रोधीं घर रोस्यो आमा र रोस्यो बाबाको संरक्षकत्वमा सञ्चालन गरिन्छ । समुदायमा आयोजना गरिने विभिन्न कार्यक्रमहरू र सहयोगहरूबारे यही रोधीं घरमा छलफल हुन्छ । रोधीं संस्कृतिले समानता, सहयोगी, समावेशी भाव जीवन्त राख्दै सामूहिक हितका कार्यहरू गर्दछ ।

## परिवेश/पर्यावरणका आधारमा रोधींको अध्ययन

रोधीं गुरुङ समुदायमा प्रचलित मौलिक सामाजिक संस्था हो । तत्कालीन समयको रोंधी गुरुङको संस्कार, संस्कृति परिचालन र अवलम्बन गर्ने महत्त्वपूर्ण संस्था हो । गुरुङ भाषामा 'रोव' को अर्थ सुत्ने र 'धीं' को अर्थ 'घर' भन्ने जनाउँदछ । रोधीं संस्कृतिमा तेनले भनेजस्तै प्राकृतिक परिवेश र सामाजिक परिवेश समेटिन्छ । मानिसको वरिपरि प्रकृति हुन्छ । उसको आदिम प्रवृत्ति तथा प्रजातिको विशेषता भौतिक, सामाजिक परिस्थिति घटना आदिबाट समाज प्रभावित हुन्छ । त्यस्ता घटनाहरू कहिले पुष्टि हुन्छन् भने कहिले तिनमा परिवर्तन हुन्छ (पाण्डेय, सन् १९८९, पृ.१२५) । भौगोलिक बनावट र प्राकृतिक स्थितिले व्यक्तिको जीवन, कला, साहित्य र संस्कृतिलाई समेत प्रभाव पार्दछ । हिमालमा बस्ने जातिले हिउँकै गीत, हिमालकै खाद्यान र हिमाली पोसाकलालाई प्राथमिकतामा राखेर लेख्छ भने तराईमा बस्ने जातिले तराईको समथर भूगोल, खाद्यान र पोसाकलाई प्राथमिकतामा राखेर लेख्छ । यसलाई नै तेनले परिवेश र पर्यावरणका आधारमा साहित्यको समाजशास्त्रीय अध्ययन भनेका छन् ।

साहित्य र संस्कृति समाजसँगै सम्बद्ध भएकाले यहाँ रोधीं संस्कृतिलाई परिवेश र पर्यावरणका आधारमा विश्लेषण गरिएको छ । गुरुङहरू हिमाली भेगको फेदीतिर बस्छन् । चिसो ठाउँमा बस्ने भएकाले उनीहरू तातो गहत, नारे पा (कोदोको रक्सी) पिउँछन् र न्यानो लुगाहरू घलेक, भाङ्ग्रा, लगाउँछन्, बख्खु ओढ्छन् र राडीपाखी ओछ्याउँछन् । यहीँ परिवेशगत आवश्यकताले उनीहरू साँझ रोधीं बस्दा भेडाको उनको धागोबाट राडीपाखी र भाङ्ग्रा बुन्छन् । तमूहरू हिमाल अर्थात् चिसो ठाउँमा बस्ने जाति हुन् र पशुपालनका हिसाबले भेडा पाल्छन् भन्ने कुराले तेनको परिवेशगत सिद्धान्तलाई पुष्टि गरेको छ । तेनको परिवेशले सामाजिक परिवेशलाई समेट्छ भन्ने सन्दर्भ रोधींद्वारा आयोजना गरिने विभिन्न स्वागत, सम्मान र सांस्कृतिक कार्यक्रमबाट सङ्कलित रकम केही बचाएर गाउँमा पाटीपौवा, पँधेरो, कुवा, बाटोघाटो, पोखरी र विद्यालय भवन निर्माण गरिन्छ भन्ने कुराले पुष्टि गरेको छ । तमूहरू गाउँघर छाडेर संसारका विभिन्न देशहरूमा बसोबास गर्दैगर्दा त्यहाँको प्राकृतिक र सामाजिक परिवेशकै कारण रोधीं संस्कृति लोप भइसकेको अवस्था छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा प्रजातिका आधारमा ल्होसारको समाजशास्त्रीय अध्ययनले तमूहरू संसारको जुनसुकै कुनामा पुगे तापनि उनीहरूले आफ्नो प्रारम्भिक जीवनकालमा सिकेका जातिगत विशेषताहरू खानपिन, चाडपर्व, संस्कार र संस्कृतिको अनुसरण गरिरहेका हुन्छन् भन्ने कुरा पुष्टि भएको छ । समयको क्रमसँगै गाउँबाट सहर र सहरबाट विदेशसम्म बिस्तारित हुँदै गर्दा तमू ल्होसारको मौलिकतामा ह्रास आएको छ । ल्होसारमा खाइने तमू खाद्य परिकारहरू, तमू पोसाक, तमू गीतसङ्गीतदेखि वर्तमानमा सङ्गठित रूपमा मनाइने तमू ल्होसारमा लैङ्गिक विभेद बढ्दो छ । महिलाहरू स्वागत, सत्कार, खाना व्यवस्थापन र ऱ्याली लगाउने कार्यमा मात्रै प्रयोग भइरहेका छन् । आसन ग्रहण र भाषणहरूमा पितृसत्ता हाबी हुनु तमू समुदायका महिलाहरूका लागि चिन्ताको विषय हो ।

पय (अर्घौ) लाई युग वा क्षणका आधारमा अध्ययन गर्दै युग वा समय चेतनाले विभिन्न जातिका संस्कार र संस्कृतिमा क्रमशः परिवर्तन ल्याउँछ भन्ने निष्कर्ष प्राप्त भएको छ । यस्ता परिवर्तनहरूले भावी सन्ततीहरूलाई मृत्यु संस्कारको विधिविधान र मौलिकतामा अन्योलतातर्फ लाने भएकाले मौखिक रूपमा रहेको तमू प्ये (शास्त्र) हरूलाई जतिसक्दो चाँडै लिपिबद्ध गर्नुपर्ने निचोड निकालिएको छ । परिवेशका आधारमा रोधींको समाजशास्त्रीय अध्ययन गर्दा रोधींबाटै तमूहरूको गीतसङ्गीत, ज्ञान, सिप र सिङ्गो जीवनदर्शन मार्गनिर्देश भए तापनि वर्तमान समयमा गाउँघरका रोधींहरू लोप भइसकेका छन् । रोधींमा बज्ने तमू गीतसङ्गीत, बाँडिने ज्ञान र सिपहरू हराउँदै छन् । सहरबजारमा खुल्दै गरेका दोहोरी साँझहरूको गलत भाष्यले रोधींको मौलिकतामा थप सङ्कट आइपरेको छ । यसले भावी पुस्तालाई समग्र तमू संस्कृतिप्रति नै अन्योलता सृजना गर्ने भएकाले सम्बन्धित समुदाय र राज्य सचेत हुनुपर्ने समय आएको छ ।

## सन्दर्भ सामग्रीसूची


गुरुङ, एकेन्द्र (सम्पा. रोशनी गुरुङ) (२०८०). *रोधीं, सप्तो.* पोखरा : गुरुङ साहित्यिक मञ्च नेपाल ।

गुरुङ, एकेन्द्र (२०७५. *मनका तरङ्गहरू.* पोखरा : गुरुङ साहित्यिक मञ्च नेपाल ।

गुरुङ, जगमान (सम्पा. प्रेम खत्री) (२०७३). *गुरुङ जातिका सामाजिक संस्कार, नेपालका जातीय सामाजिक संस्कार.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

जैन, निर्मला (अनु.) (सन् १९९२). *साहित्यका समाज शास्त्रीय चिन्तन.* (दोस्रो संस्करण). दिल्ली : मोडर्न टाउन ।

थकाली (गुरुङ), होमा (२०६७). *तमू गुरुङ जातिको उत्पत्ति र धर्म संस्कृति.* ललितपुर : होमा थकाली गुरुङ ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन

पाण्डेय, मैनेजर (सन् २००६). *साहित्यके समाज शास्त्रकी भूमिका.* (तेस्रो सं.). हरियाणा : साहित्य अकादमी पंचकूला ।

Taine,Hippolyte (2020). *Histoty of English Litreature.* New York :The Colonial Press. ■